Political Science Journal, Volume 2, Issue 1, December, 2024 ISSN 2382-5189

# मानव अधिकार र दलित अधिकारको अन्तरसम्बन्ध

परशुराम रम्तेल
एमफिल पिएचडी (शोधकर्ता)
त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा समाजशास्त्र सङ्काय

Received: May 13, 2024 Revised: August 1, 2024 Accepted: September 22, 2024

## सारांश

मानिसले मान्छे भएर बाँच्न पाउनुपर्ने जति सबै अधिकारको उपभोग गर्नपाउनुलाई मानव अधिकार भन्ने गरिन्छ । दक्षिण एसियाको पनि मुख्यतः हिन्दु धर्म मान्ने देशहरु भारत, नेपाल लगायतका केही देशहरुमा दलित समुदायलाई सदियौं वर्षदेखि वर्णाश्रम व्यवस्थाद्धारा अछूत बनाएर अमान्छेको व्यवहार गर्दै जातपातछुवाछूत जस्तो असाध्यै अमानवीय र निकृष्ट खालको विभेदजन्य व्यवहार गरिँदै आएको अवस्था छ । अहिलेको एक्काइसौं शताव्दीको विज्ञान र प्रविधिको युगमा पनि यस्ता विभेदकारी मनोविज्ञान र व्यवहार अझैपनि विद्यमान छ । वास्तवमा दलित समुदायलाई विगत लामो समयदेखि नै राज्यको विभेदकारी नीति, नियमको कारण नेपाली समाजका हरेक क्षेत्रमा यो समुदायमाथि अपमान र विभेद रहने गरेको छ । यस्ता विभेदजन्य कार्य मानव अधिकारको दृष्टिकोणबाट विश्लेषण गर्दा मानव अधिकारको गम्भीर हनन् हो । नेपालका मानव अधिकारकर्मीहरुले पनि दलित समुदायमाथि राज्य र समाजका हरेक क्षेत्रमा हुने गरेको विभेद, अपमान र बहिष्करणलाई नेपालका मानव अधिकारकर्मीहरुले गम्भीर ढंगले लिएको देखिँदैन । यस लेखमा दलित अधिकारको विगत र वर्तमानको अवस्था, दलितमाथिको उत्पीडन र विभेदको ऐतिहासिकता, छुवाछूत र मानव अधिकारको अन्तरसम्बन्ध, दलित मुद्दाका बारेमा अन्तर्राष्ट्रियकरणको आवश्यकता र संयुक्त राष्ट्रसंघ तथा नेपाल सरकारले यस समस्याको उचित समाधानका लागि खेल्नुपर्ने भूमिका आदिका बारेमा अध्ययन गर्न खोजिएको छ । त्यसैगरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका मानव अधिकारवादी संस्थाहरुले दलित अधिकारलाई मानव अधिकारवादी आन्दोलनसँग एकाकार गर्दै लैजानुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

**मुख्य पदावली:** दलित-अधिकार, मानव-अधिकार, विभेद, बहिष्करण, अन्तरसम्बन्ध, अन्तर्राष्ट्रियकरण ।

## परिचय

प्रत्येक व्यक्ति मानिस भएका आधारमा प्राप्त हुने अधिकारलाई सामान्य अर्थमा मानव अधिकार भनिन्छ । मानव अधिकारलाई व्यक्तिको अन्तरनिहीत, कसैले पनि कुनैपनि बहानामा हरण गर्न नसक्ने जन्मसिद्ध अधिकारको रुपमा अन्तर्राष्ट्रिय रुपमा परिभाषित गर्ने गरिन्छ । मानिसलाई मर्यादापूर्वक बाँच्नको लागि तथा निजको सर्वपक्षीय विकासको लागि मानव अधिकार अपरिहार्य हुन्छन् । मानव अधिकार मानव भएको कारण निसृत भएको अधिकार भएकोले संसारको जुनसुकै भागमा तथा जस्तोसुकै अवस्थामा रहेका हरेक व्यक्तिहरुले कुनै पनि प्रकारको भेदभावबिना समानरुपमा उपभोग गर्न पाउनु पर्दछ भन्ने मान्यता रहिआएको छ (नेपाल, जुरी) । दक्षिण एशियामा सामन्तवादले निकै लामो समयदेखि सत्ता सञ्चालन गरेर सामन्तवादी संस्कार

र संस्कृति लाद्दै आएको हुनाले यहाँ सामन्तवादको सबैभन्दा बढी अवशेष रहनुलाई स्वभाविक नै मान्नुपर्दछ । सामन्तवादी सोंच, चिन्तन र प्रवृत्तिले रुढीवाद र पश्चगामी चेतनाको विकास गर्दछ । दक्षिण एसियाको पनि मुख्यतः भारतीय र नेपाली समाजमा दलित समुदायलाई मान्छेको रुपमा स्वीकार नगर्ने प्रचलन र प्रवृत्तिको कारक सामन्तवाद र त्यसबाट सिर्जना गरिएको गलत संस्कार र संस्कृति रहने गरेको छ । वर्णव्यवस्था समाजको श्रमजीवी वर्गलाई ज्ञान, राजकीय एवं सामाजिक अधिकारबाट बञ्चित राख्न तत्कालिन शोषक ब्राह्मण क्षत्रियहरुको शासन र शोषणलाई व्यवस्थित पार्न लादिएको थियो (आहुति, २०६७) । दलित समुदायमाथि हुने छुवाछूत र जातीय विभेद र मानव अधिकारको बीचमा अन्योन्याश्रित सम्बन्ध गाँसिएको हुन्छ । दक्षिण एसियाली समाजमा दलित समुदायलाई मनुस्मृति कालमा शूद्रको नामाकरण गरी वर्णाश्रम व्यवस्था लादेर संवैधानिक, कानुनी र नीति निर्माण लगायतका सबै तहहरुमा राज्य स्वयम्ले नै सुनियोजित रुपमा बहिष्करण गरिँदै आएको हो । जसका कारण सानो वच्चादेखि बुढासम्म, पहाडदेखि हिमाल हुँदै तराईसम्मका सबै मान्छेहरुले आम प्रचलनकै रुपमा यो समुदायमाथि अपमान, विभेद र अमानवीय व्यवहार गर्दछन् । जसको परिणाम मानव अधिकारको क्षेत्रमा पनि दलित अधिकारलाई सँगसँगै जोडेर वकालत गर्ने पक्ष निकै नै कमजोर बन्न गएको छ । त्यसैले मानव अधिकारकर्मीहरुले दलित समुदायमाथि हुँदैआएको अमानवीय बुझाईलाई वस्तुवादी ढंगले बुझाउँदै मानव अधिकारको क्षेत्रमा दलित अधिकार र शसक्तीकरणको दृष्टिकोणबाट थप बल पु¥याउनु पर्दछ भन्ने विषय यस लेखमा उठाइएको छ ।

नेपालको राज्यसत्तामा एकल जातीय, भाषिक र वर्गीय समुदायको बर्चस्व सबै क्षेत्रमा कायम रहेको छ । शासन प्रणालीमा दलित समुदायको सहभागिता असाध्यै न्यून छ । जात व्यवस्थामा आधारित रहेर विकास गरिएको नेपाली समाजमा दलित भन्ने बित्तिकै उनीहरुलाई बोलीदेखि इसारासम्मबाट हेप्ने, अपमान र घृणा गर्ने गरिन्छ । विगतको सामन्तवादी राज्यसत्ताले दलितप्रति विविध खालका विभेदकारी नीति र नियम बनाएर राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि पार्दै आयो । २०२० सालमा मुलुकी ऐन आउनुभन्दा अगाडिसम्म त कानुन नै बनाएर यो समुदायलाई शोषण, दमन र उत्पीडन गर्दै अत्यन्त अमानवीय र पाशविक जीवन जिउन बाध्य पारेको थियो । यसरी राज्य नै दलित समुदायमाथि उत्पीडनमा लाग्दा दलितको मानव अधिकारको अवस्था विगत कालमा कस्तो थियो होला भनेर सहजै अनुमान लगाउन सकिन्छ । यो समुदाय आजको एक्काइसौं शताव्दीको विज्ञान र प्रविधिको युगमा पनि अमान्छे र अनागरिकको रुपमा जीउन बाध्य छन् । वास्तवमा दलित समुदायमाथिको विभेद, उत्पीडन र अमानवीयता असाध्यै निकृष्ट रहँदै आएको छ । समाजमा मान्छेको रुपमा रहेर मानवीय व्यवहार नगरिनु मानव अधिकारको दृष्टिकोणबाट हेर्दा मानव अधिकारको गम्भीर हनन् हो । त्यसैले यस लेखमा दलितमाथि हुने विभेद, दलित अधिकारको हनन र मानव अधिकारका बीचको अन्तरसम्बन्ध, दलित मुद्दाको अन्तराष्ट्रियकरणको आवश्यकता, यस सवालमा नेपाल सरकार र संयुक्त राष्ट्रसंघको भूमिकाको बारेमा पनि दर्शाउन खोजिएको छ ।

## उद्देश्य र विधिहरु

नेपाली समाजमा दलित समुदायलाई सामाजिक जीवनका सबैजसो क्षेत्रहरुमा अपमान, विभेद र बहिष्करण गरिनुपर्दछ भन्ने अत्यन्त रुढीग्रस्त चिन्तन प्रवृत्ति रहने गरेको छ । यो गलत प्रवृत्ति अझैपनि विद्यमान छ । यस अध्ययनमा दलित समुदायमाथिको उत्पीडन विगतको राज्यसत्ताले विभेदकारी नीति र नियम बनाएर जब्बरजस्त रुपमा लागू गरिएको हुनाले दलित अधिकारलाई अलग-थलग रुपमा बुझ्ने चलन अझैपनि छँदैछ । दलित समुदायमाथिको उत्पीडन र विभेद राज्यद्धारा नै सृजित समस्या भएकोले यसलाई मानव अधिकारको आन्दोलनसँग अभिन्न रुपमा जोडेर अगाडि बढाउने, यसको उत्पीडनको प्रकृति र ऐतिहासिकताको भौतिकवादी रुपमा

विश्लेषण गर्दै राज्यद्धारा नै सकारात्मक विभेदको विशेष नीति बनाउन दबाब दिने, दलित मुद्दाका सवाललाई अन्तर्राष्ट्रियकरण गर्दै संयुक्त राष्ट्रसंघको महासभाद्धारा सम्बोधन गरिनुपर्ने आदि उद्देश्य यस लेखमा अन्तरनिहित रहेको छ । यस अध्ययनलाई नेपाली समाजमा छुवाछूत र जातीय विभेदको विकास प्रक्रिया, राज्यले दलित उत्पीडनका सन्दर्भमा गरिएका संवैधानिक र कानूनी व्यवस्था, जातीय विभेदका अन्तराष्ट्रिय प्रावधान आदिका सवालमा अन्तराष्ट्रिय तथा राष्ट्रिय सन्धि, सम्झौता, कानूनी र संवैधानिक व्यवस्थालाई प्राथमिक तथ्यांकको रुपमा लिएर विश्लेषण गरिने विधिको अवलम्बन गर्न खोजिएको छ ।

## नेपाली समाजमा छुवाछूत र विभेदको ऐतिहासिकता

समाज विकासको विकासकै क्रममा इतिहासको एउटा कालखण्डमा वर्णाश्रम राज्यसत्ताको विभेदकारी र दमनकारी नीति अनुरुप दलित समुदायको पनि जन्म हुन पुगेको देखिन्छ । इसाको प्रथम शताब्दीबाट हिन्दूधर्मीय शासकहरू विभिन्न नाकाबाट प्रवेशसँगै वर्णाश्रम व्यवस्थामा आधारित सामन्तवादी मूल्यमान्यता र संस्कार पनि भित्रियो (प्रश्रित, २०५६) । नेपालमा जात व्यवस्थाको स्थापना लिच्छवी कालमा भएको पाइन्छ । लिच्छवीहरू आर्य थिए । तर आर्य रक्त समूह अन्तर्गत सर्वप्रथम नेपाल प्रवेश गर्नेमा खसहरू भएको पाइन्छ । लिच्छविकालमा वर्णव्यवस्थाको मूल आधार पेशा थियो । जात अनुसारको पेशा हुन्थ्यो भने शूद्रलाई सुन चाँदीको गहना लगाउन प्रतिबन्ध गरिएको थियो । त्यतिबेला वर्णव्यवस्थालाई कायम राख्नु आफ्नो आदर्श ठान्दथे । लिच्छविकालमा चार वर्ण अठार जातमा बाँडेको पाइन्छ (बज्रचार्य, २०३०) ।

नेपालमा मुख्यतः लिच्छवी कालमा ब्राम्हणवादले आफूलाई विकास गर्ने क्रममा जातपात छुवाछूत प्रथामा व्यापकता आएको हो । लिच्छवि राजाहरु हिन्दु धर्मालम्वी भएकाले हिन्दु वर्ण व्यवस्थाको आधारमा समाजलाई ढाल्ने नीति लिएका थिए र वर्ण व्यवस्था खडा हुन सकेकोमा गौरव सम्झन्थे (खत्री, २०५०) । यस समयमा नै नेपाली समाजमा जातभात र विभेदलाई मान्यता दिई छुवाछूतलाई प्रश्रय दिइन्थ्यो । त्यसलाई मल्ल कालका स्थापित राजा जयस्थिति मल्लले झन् व्यवस्थित गरे । उनले प्रत्येक जातको कर्मकाण्डको समेत नियम बनाईदिए र आफ्नो जातले गरिआएको कार्य छोड्ने र अर्काको जातले गरेको पेशा अपनाउनेलाई अपराधी सरह दण्ड दिने नियम बनाए (बुढाथोकी, २०३९) । जयस्थिति मल्लले कुनै पनि स्थानमा कुनै पनि व्यक्ति कुन जातको हो भनेर सर्लक्कै चिन्नको लागि घर, पहिरन र गरगहना पनि जात अनुसारकै लगाउनु पर्ने नियम बसालिएकै कारण समाजमा जातीय व्यवस्था प्रथाकै रुपमा विकसित हुन पुग्यो ।

त्यसैको सिको गर्दै मल्ल कालमा बाईसे चौबिसे राज्य अन्तर्गत गोरखाका राजा राम शाहले पनि तत्कालीन गोरखाको समाजलाई ४ वर्ण र ३६ जातमा विभाजन गरे । एउटै अपराधमा पनि जात अनुसारको फरक फरक दण्ड सजायको व्यवस्था गरियो । चौतारीया भाइ, गोतिया सन्यासी, वैरागी, भाट र ब्राह्मणहरुले ज्यान मारे देश निकाला गरिन्थ्यो भने शूद्र जातले ज्यान मारे मृत्युदण्ड दिइन्थ्यो (निरौला, २०४९) । राजा पृथ्वीनारायण शाहको नेतृत्वमा भएको राज्य एकीकरणको अभियानमा गोरखा दरबारमा नगरा बजाउने विशे नगर्चीले आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्नेदेखि थुप्रै दलित समुदाय प्रत्यक्ष रुपमा सो एकीकरण अभियानमा सहभागी भई योगदान गरेपनि ती समुदायमाथिको विभेद भने झन् बढी नै गरियो । राणा शासनकालमा जंगबहादुर शासनसत्तामा आएपछि वि.सं. १९१० मा मुलुकी ऐन नै जारी गरी नेपाली समाजमा झ्याङ्गिन थालेको वर्णाश्रम व्यवस्थालाई कानुनी मान्यता दिएर थप व्यवस्थित बनाईयो । त्यतिबेला दलित समुदायलाई छोइछिटो हाल्नु पर्ने अनिवार्यताको नियम नै बनाईयो । छोइछिटो सम्बन्धमा, च्यामेखलक, पोडे, वादी, गाइने, दमाई, कामी, कडारा, चुडारा, हुर्के यति जातलाई

Political Science Journal, Volume 2, Issue 1, December, 2024 ISSN 2382-5189

पानी चल्ने चोखा जातले छोएमा छिटो हाल्नु पर्छ, हालेन भने रुपैया दण्ड गरी चार पैसा लिई पतिया गराई दिनु भनिएको छ (सुरेन्द्र, श्री ५) ।

विभिन्न समयमा नेपाली समाजलाई जब्बरजस्त रुपमा वर्णाश्रम व्यवस्था लादेर राज्यद्धारा नै विभिन्न नीति नियम बनाएर प्रचलनकै रुपमा छुवाछूत तथा जातीय विभेदको प्रचलनलाई प्रथाकै रुपमा विकास गरियो । दलित समुदायमाथि विगतदेखि हालसम्म पनि नेपाली समाजमा विभिन्न खालका विभेदकारी व्यवहारहरू हुँदैआएका छन् । राजनीतिक दलका नेता तथा कार्यकर्ता पनि यही मनुवादी समाजको उपज भएको हुनाले दलित समुदायमाथि लिइने नीति र व्यवहार अझैपनि विभेदकारी नै रहेको छ । शूद्रलाई जुठो अन्न, च्यातिएका पुराना लुगा, गुदीबिनाको अन्न र थोत्रामोत्रा ओढ्ने र ओछ्याउने दिनु पर्छ (मनुस्मृति, १०/१२५) । शूद्र वा दलितलाई तागतिलो खानेकुराहरू नदिने, लवाईखवाईमा पनि तल्लो स्तरमा राखेर मनोवैज्ञानिक रुपमा नै अछूत हुँ, तल्लो दर्जाको हुँ भन्ने बनाउने गरी नियमको बलमा परम्परा बसालिएको देखिन्छ । धन कमाउन सक्ने भए पनि शूद्रले धन जम्मा गर्नुहुँदैन, किनभने धन कमाइसकेपछि शूद्रले ब्राह्मणलाई नै बाधा पार्छ (मनुस्मृति, १०/१२९) । दलितलाई धन, सम्पत्ति कमाउन र जम्मा पार्न पनि बर्जित गरिएको छ । धनी भयो, सभ्य भयो भने शासक समुदायलाई टेर्दैन भन्ने मनसायले यस्तो नियम कानून बनाएको देखिन्छ ।

समाज विकासको एउटा कालखण्डमा राज्यसत्ताद्धारा सुनियोजित रुपमा सबै क्षेत्रबाट पछाडी पारिएका मनुस्मृतिद्धारा शुद्रको दर्जनी पहिरिएर अछूतको व्यवहार गरिंदै आएका श्रमजीवी मानव समुदायको एउटा समूहलाई दक्षिण एशियामा दलित शब्दबाट पहिचान र परिभाषित हुँदै आएको छ । दक्षिण एशियाको पनि मुख्यतः भारत र नेपालमा दलित समुदायप्रतिको उत्पीडनलाई हेर्दा यो मानव समाजकै एउटा कलंकको रुपमा रहिआएको छ । छुवाछूत विरुद्धका ऐन, कानुन निर्माण भएका छन् तर कार्यान्वयनका सवालमा भने अझैपनि राज्यका महत्वपूर्ण निकायहरु जिम्मेवार भएको देखिँदैन । दलित समुदायमाथिको विभेदजन्य मुद्दामा राज्य गैरजिम्मेवार हुनुमा राज्यसत्ताको वर्गीय चरित्र, सत्ताको आधार र उपरिसंरचनामाथि मनुवादको बर्चश्व, नेपाली समाजमा दलितप्रतिको बुझाईमा मनुवादको गहिरो प्रभाव र अभ्यास नै जिम्मेवार देखिन्छ । राज्यलाई दलित र सबै मानवको अधिकारप्रति प्रतिबद्ध बनाउने गरी आन्दोलन नहुनु विडम्बना हो ।

## छुवाछूत र मानव अधिकारको अन्तरसम्बन्ध

छुवाछूत र जातीय विभेद गर्नु मानव अधिकारको दृष्टिमा एउटा गम्भीर अपराध गर्नु हो । कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि नीजि तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन (संविधान, धारा २४ को उपधारा १) । नेपालको संविधान, २०७२ ले छुवाछूत र जातीय विभेदलाई पूर्णतः बर्जीत गरेको छ । सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ (संविधान, धारा २४ को उपधारा ५) । जातीय भेदभाव र छुवाछूत विरुद्धको हकलाई संविधानमा मौलिक हकको रुपमा संस्थागत गर्दै कानुन बमोजिम फैजदारी अपराधको रुपमा दण्डनीय बनाइएको छ । यसो गर्दा पनि जातका आधारमा नेपाली समाजमा अझैपनि हत्या, लुटपाट, हिँसा, बलत्कार जस्ता थुप्रै अमानवीय र निकृष्ट खालका विभेदजन्य कार्यहरु बढ्दै गइरहेको छ । देशको राजधानी

काठमाण्डौमा नै घर बहालमा लिँदा वा दिँदा दलित भएकै कारण विभिन्न खालका विभेदहरु भएका घटनाहरु बाहिर आइरहेका छन् ।

देशका थुप्रै स्थानमा दलित समुदायमाथि अपमान र तिरस्कार गरेका, हत्या गरेका, कुटपीट गरेका, अन्तरजातीय विवाह गरेकै कारण विस्थापित भएका घटनाहरु संचार माध्यम मार्फत र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले आफ्नो रिपोर्ट मार्फत सार्वजनिक गरिरहेका छन् । २०७७ सालको जेष्ठ १० गते रुकुमपश्चिम चौरजहारी न.पा. ८ मा विवाहको लागि गएका भेरी न.पा. रानागाउँ जाजरकोटका २१ वर्षीय नवराज वि.क. सहित ६ जनाको उपल्लो जाति (वडा अध्यक्षसहित) भनिएकाबाट सामूहिक हत्या गरियो । त्यसैगरी अन्तरजातीय विवाहकै कारण जाजरकोट, जुनिचाँदे गाउँपालिका गर्खाकोटका गणेश कुमार चदारा र सोही गाउँकी ज्योती शाहले २०७२ सालदेखि खलंगामा विस्थापित भएका छन् (वार्षिक प्रतिवेदन, २०७६/०७७, रा.मानव अ.आयोग, पृ.८) ।

यस्ता विभत्सकारी र मानव अधिकार हनन्का घटनाहरु दिनप्रतिदिन घट्नुको साटो झन् बढ्दो छ । नेपालमा दलित समुदायको मावन अधिकारको अवस्था अत्यन्त कमजोर र नाजुक छ । मानव अधिकारवादी संगठन र त्यस क्षेत्रमा क्रियाशील व्यक्ति, व्यक्तित्व, संस्थाहरुले पनि दलितमाथिको उत्पीडन र विभेदका विरुद्ध तुरुन्तै बोल्ने, अर्थपूर्ण ढंगले चासो, चिन्ता लिएर परिणाममुखी हस्तक्षेप बढाउन भन्दा पनि अनदेखा गर्ने, बोलेपनि झिनो स्वर, अर्थहिन रुपमा अभिव्यक्ति दिने जस्ता व्यवहारहरु देखिने गरेको छ । दलितप्रतिको मानव अधिकार हननको घटनाहरुमा राष्ट्रिय मानव अधिकार आयोगले पनि चाहिने जति गतिविधि र हस्तक्षेप नगरेको अनुभूति दलित अधिकारकर्मीहरुले गर्ने गरेको अभिव्यक्ति उनीहरुबाट बेलाबखत आउने गरेको छ । यसमा राज्यका जिम्मेवार निकायहरु र नेपाल सरकार पनि गैरजिम्मेवार देखिएको छ ।

नेपालको संविधानको भाग २५ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरेको छ । मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनिएको छ (संविधान, धारा २४९, उपधारा १ ) । संविधानमा स्पष्ट रुपमा धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक र भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरी त्यसको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । यसबाट नेपालमा छुवाछूत तथा जातीय भेदभावको पूर्ण अन्त्य गर्ने संवैधानिक र कानुनी व्यवस्था भएको देखिन्छ । तर, सो संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा भने अझैपनि थुप्रै समस्याहरु रहँदै आएका छन् । छुवाछूतजन्य घटनाहरुका सवालमा मानव अधिकार आयोगले कम चासो गर्ने, पहलकदमी नलिने र मौन रहने गरेको देखिन्छ ।

कानुनी रुपमा सार्वजनिक, निजी तथा विदेशमा समेत जातीय भेदभाव तथा छुवाछूत गर्न नपाइने व्यवस्था गरिएको छ । तर, व्यवहारमा भने शहरदेखि गाउँसम्म, देशदेखि विदेशसम्म जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यहरु भइरहेको पाइन्छ । संघीय व्यवस्थापिका माननीय सांसददेखि स्थानीय तहका जनप्रतिनिधिसम्मले यस प्रकारको अपराधको शिकार बन्न परेको विषय अनुगमनको क्रममा प्राप्त भएको छ (अनुगमन प्रतिवेदन, २०७६, पेज ४९)

दलित आन्दोलनको मुल मुद्दा छुवाछूतको अन्त्य र दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, रोजगारी लगायका सबै अधिकारको पूर्ण प्राप्ति नै हो । मानव अधिकार मान्छे भएका आधारमा प्राप्त हुने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । यसलाई नागरिक, मौलिक, प्राकृतिक, आधारभूत र संवैधानिक अधिकारसहित मौलिक स्वतन्त्रताका रुपमा पनि लिने गरिन्छ । तर, दलित समुदायमाथिको विभेद, ज्यादती र दमनका बारे मानव

अधिकारवादीहरुले उठाउने आवाजमा दलित अधिकारकर्मीको दृष्टिमा निकै कमजोर भएको अनुभूति हुन्छ । गैरदलित समुदाय वा व्यक्तिमाथि घटना भएमा विभिन्न मानव अधिकारवादी संघ/संस्थाहरुले उठाउने गर्दछन्, स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गर्ने, आन्दोलन गर्ने आदि विधिद्धारा राज्य र सरकारलाई दबाब दिने गरिन्छ । तर, दलित समुदायमाथि विभेदजन्य घटना घट्यो भने मानव अधिकारको क्षेत्रमा क्रियाशील संघसंस्थाहरु खासै बोल्दैनन् । राष्ट्रिय मानव अधिकार आयोग पनि दलित मानवअधिकार सम्बन्धी घटनाहरुका बारेमा औपचारिकता मात्रै पुरा गरेको देखिन्छ । यसरी समाजको सबैभन्दा पींधमा रहँदै अमानवीय व्यवहार खप्न बाध्य हुँदै आएका सिंगो समुदायको मानव अधिकारको पक्षमा दृढतापूर्वक नउँभिनुमा कहींनकहीं मनुवादी संस्कार र संस्कृतिकै प्रभावले काम गरेको देखिन्छ ।

दलित समुदायले भोग्दै आएको सामाजिक विभेद र सबैखाले अधिकारबाट बञ्चिकीकरणको समस्या मानव अधिकारसंग अभिन्न रुपमा गाँसिएको छ । भारत, नेपाललगायतका केही देशहरुमा दलित समुदायले मान्छे भएर स्वाभिमानीपुर्वक मानवीय जीवन यापन गर्न पाएका छैनन् । दलित आफैं गरिव र उत्पीडित भएको होइनन् । उनीहरुलाई मनुस्मृतिका आधारमा राज्यद्धारा योजनावद्धरुपमा सामाजिक जीवनका सबै क्षेत्रबाट पछाडी पारिएको हो । दलित अधिकारको कोणबाट हेर्दा नेपालमा मानव अधिकारको आन्दोलन निकै नै कमजोर छ । हाम्रो देशको सन्दर्भमा भन्ने हो भने उच्च र हुनेखाने वर्गका पक्षमा मात्रै मानव अधिकारको छलफल सिमित हुन खोजिराखेको छ । जातीय कोणबाट हेर्दा शासक वर्ग र समुदायको पक्षमा वकालत हुने गरेको छ । वर्गीय कोणबाट विश्लेषण गर्दा गरिबको पक्षमा र गरिबका लागि खासै छलफल हुने गर्दैन । मानव अधिकार पनि हुने खाने र उच्च वर्ग तथा जातका लगि मात्रै होत ? तसर्थ, नेपालमा मानव अधिकारको छलफल र बहसलाई दलित समुदायमाथि हुने विभेदविरुद्ध, खान नपाएर, उपचार नपाएर अकालमै मर्ने मान्छेहरुका पक्षमा प्राथमिकीकरण गर्न जरुरी छ । त्यसैगरी मनुवादी प्रवृत्तिबाट पनि मानव अधिकारवादी आन्दोलनलाई अलग्याउनु अत्यावश्यक देखिन्छ ।

## दलित मुद्दामा अन्तर्राष्ट्रियकरणको आवश्यकता

विश्वमा सर्वप्रथम सन् १९६० मा इग्ल्याण्डका जोन लकले “सिभिल गभर्मेन्ट” मा जीवन, स्वतन्त्रता र सम्पत्तिलाई मानवको जन्मसिद्ध अधिकार भएको उल्लेख गरेका थिए । सन् १७७६ जुलाई ४ मा अमेरिका स्वतन्त्रताको घोषणा संगै मानव अधिकारको प्रारुप तयार भएको हो । यसको व्यवहारीक रुप भने सन् १७८९ को फ्रान्सेली क्रान्तिपछि बनेको संविधानमा नागरिक अधिकार र मानव अधिकार समावेश गरिएको थियो । ब्रिटेन, फ्रान्स तथा संयुक्त राज्य अमेरिकामा सत्रौं र अठारौं शताव्दीमा भएका राष्ट्रिय क्रान्तिले मानव अधिकारको जग हाल्न महत्वपूर्ण भूमिका खेल्यो । त्यसपछि १९१७ मा भएको रुसी महान् समाजवादी क्रान्तिले मानव अधिकारका क्षेत्रमा महत्वपूर्ण योगदान दियो । यसरी हेर्दा मानव अधिकारको अवधारणा अस्तित्वमा आएको साढे तीन सय वर्ष हाराहारी भइसके पनि नेपालमा यसबारे बहस केही दशकअघिदेखि मात्रै घनिभूत हुँदैआएको छ ।

दलित समुदायमाथि थोपरिएको मुख्यतः छुवाछूत र जातीय विभेदको समस्या हिन्दु सामन्तवादद्धारा जबरजस्ती सिर्जना गरिएको दक्षिण एसियाकै एउटा विशिष्ट समस्या हो । मान्छे-मान्छेबीच पनि छुन हुने र नहुने भन्ने कुरा दक्षिण एसियाका केही देशमा बाहेक अन्यत्र कतैपनि भेटिँदैन । यो समस्या दलित समुदायको मात्रै समस्या नभएर मुख्यतः छुवाछूत प्रथा लागू गरिएका देशको र सामान्यतः सिङ्गो मानव समुदायको एवम् मानव सभ्यताको एउटा

Political Science Journal, Volume 2, Issue 1, December, 2024 ISSN 2382-5189

जटिल समस्या हो । सभ्य र सुसंस्कृत समाजमा यस्तो अमानवीय समस्या रहनु भनेको मानव सभ्यतामाथिको ठूलो चुनौती हो । अन्तर्राष्ट्रिय मञ्चहरुमा, विशषतः भारत र नेपालका प्रतिनिधिहरुले सम्बोधन गर्दा दलित समस्यालाई लुकाउने-छिपाउने प्रचलन रहिआएको छ । आफ्नो समाज र देशमा अझैपनि अमानवीय रुपमा विद्यमान रहेको छुवाछूत र जातीय विभेदलाई एकातिर आफ्नो राज्यले योजनावद्ध रुपमा हटाउन पनि नसक्ने र अर्कोतर्फ यो समस्या विद्यमान छ भनेर स्वीकार्न पनि नसक्ने स्थिति रहँदै आएको छ । सही पहिचानबिना कुनै पनि समस्याको वैज्ञानिक समाधान हुनै सक्दैन ।

छुवाछूत प्रथाद्धारा अभ्यस्त नेपाली र भारतीयले विश्वको जुनसुकै कुनामा पुगेपनि दलित समुदायलाई विभेद र अपमान गरी देशकै बेइज्जत गर्ने क्रम आजको एक्काइसौं शताव्दीमा पनि अझै जारी छ । यसरी छुवाछूत र जातीय विभेद अन्तर्राष्ट्रियकरण भइसकेको बेला छुवाछूतविरोधी प्रयासलाई पनि राज्यका सबै अंग तथा संरचनाहरुले र मानव अधिकारवादी आन्दोलनले पनि यो समस्यालाई अन्तर्राष्ट्रियकरण गर्नु अत्यावश्यक भइसकेको छ । यो देशको जटिल तर अहम् महत्वको सम्वेदनशील मुद्दा भएकोले यसलाई विशेष प्राथमिकतामा राखेर ढिला नगरिकन अन्तराष्ट्रिय जगत सामू राखेर वैज्ञानिक हल गर्ने प्रक्रियामा अघि बढाइनु पर्दछ । दलित समस्याको अन्तरवस्तुलाई सुक्ष्म ढंगले अध्ययन गरी यसको वस्तुवादी तरिकाले सही समाधान गर्न जरुरी छ । नेपाल, भारत, बंगलादेश लगायतमा विद्यमान रहेको दलित समुदायमाथि जब्बरजस्त थोपरिएको समस्यालाई अन्तर्राष्ट्रियकरण गर्दै संयुक्त राष्ट्रसंघको महासभामा व्यापक छलफल गरी उचित समाधानका उपायहरु निकाल्नु पर्दछ ।

## नेपाल सरकार र संयुक्त राष्ट्रसंघको भूमिका

विश्वमा रहेका धेरैजसो लोकतान्त्रिक राज्यहरुले स्वतन्त्रता, समानता, अविभेद, सहभागिता र समावेशीकरणजस्ता मानव अधिकार सम्बन्धी सिद्धान्तलाई अवलम्बन गरिरहेका छन् । सबै प्रकारका जातीय विभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९६५ लाई नेपाल लगायतका विश्वका १८६ राष्ट्रले सहर्ष स्वीकार गरी अनुमोदन गर्दै त्यसको अन्त्य गर्ने प्रतिबद्धता जनाएका छन् । नेपाल सरकारले छुवाछूत मुक्त राष्ट्र घोषणा गरेको पनि १८ वर्ष पुरा हुन लाग्दैछ, तर सरकारले त्यस घोषणालाई व्यवहारिक कार्यान्वयनको लागि कुनै पनि आर्थिक वर्षको बजेटमा आजसम्म कत्तिपनि रकम विनियोजन गरेको छैन । त्यसैगरी कुनै पनि तहको सरकारले नीति र कार्यक्रममा यस घोषणाको कार्यान्वयनमा उल्लेख गरी कार्यक्रम पनि बनाउँदैन । यसबाट प्रष्ट हुन्छकि दलित समुदायमाथि सदियौंदेखि हुँदै आएको छुवाछूत र जातीय विभेद तथा आर्थिक, राजनीतिक, सामाजिकसांस्कृतिक लगायतका सबै क्षेत्रमा हुँदै आएको बहिष्करण र असमावेशीताप्रति राज्य पनि गम्भीर छैन र राजनीतिक दलहरुले पनि चासो लिँदैनन् भन्ने पुष्टी हुन्छ । त्यसकारण जात व्यवस्थाका आधारमा सदियौंदेखि भोग्दै आएको विभेदका विरुद्ध र दलित समुदायको मानव अधिकारको संरक्षण, प्रवर्द्धन र विकासको लागि नेपाल सरकारले विशेष रुपमा लिइ यसको प्रभावकारी कार्यान्वयनमा महत्व दिन आवश्यक छ ।

संविधान र कानुनमा लेखिएका विषयहरु आफै क्रियाशील हुने होइनन्, त्यसलाई लागू गर्न राज्यव्यवस्था र न्यायपालिकासहितका सबै अंगहरु दृढ अठोटका साथ क्रियाशील हुनु पर्दछ । शताब्दीयौंदेखि चलेको वर्णवादी राज्यव्यवस्थाले जन्माएको र हुर्काएको सामाजिक कुसंस्कारका कारण कतिपय असमानता र विभेदका विषयहरुमा सरकारी संयन्त्रहरुबाट अपेक्षित काम हुन सकेको छैन (अध्ययन प्रतिवेदन, २०७०, पृ.२१०) । नेपाल सरकारले दलितमाथिको अमानवीय खालको विभेदको अन्त्य गर्नको लागि दीर्घकालिन र अल्पकालीन योजनाहरु निर्माण गरी मुख्यत

Political Science Journal, Volume 2, Issue 1, December, 2024 ISSN 2382-5189

स्थानीय तहमा प्रभावकारी कार्यान्वयमा लैजानु पर्दछ । आम जनतालाई छुवाछूत र जातीय विभेद विरुद्धको जनचेतनामूलक, आयआर्जनमूलक र सामाजिक-सांस्कृतिक रुपान्तरणका कार्यक्रमहरुलाई बजेटको विनियोजनसहित अभियानात्मक रुपमा निरन्तर संचालन गरिरहनु पर्दछ ।

संविधानमा छुवाछूत र जातीय विभेदजन्य कार्य गम्भीर सामाजिक अपराध हुने कुरा उल्लेख गरेपनि व्यवहारमा भने अझैपनि विभेद यथावत छँदैछ । छुवाछूत विरुद्धको ऐन कार्यान्वयनमा गएको एक दशक भन्दापनि बढी भएपनि त्यसको प्रभावकारीतामा प्रश्न उठिरहेको छ । कानुन कार्यान्वयन गर्ने सरकारी निकायहरु निकम्मा साबित हुँदै गएका छन् । ती निकायहरु पनि मनुवादी प्रवृत्तिका शिकार बनिरहेका छन् । छुवाछुत विरुद्धको ऐन,२०६८ जारी भएपछि आर्थिक वर्ष २०७६/०७७ सम्म करिव दश वर्षमा जम्मा २ सय २ वटा मुद्दा कानुनी प्रक्रियामा गएकोमा ९१ वटा मुद्दामा अदालतले दोषी ठहर गरेका ४ मुद्दाका प्रतिवादीलाई न्यूनतम कैद सजायको रुपमा मात्रै । ठहर भएका अन्य मुद्दामा सामान्य जरिवाना र क्षतिपूर्ति भराउने फैसला गरिएको छ (दलित मानव-अधिकार पुस्तक, २०७७, पृ.३४) । राज्यले यो समुदायमाथि भएको अन्याय र अत्याचारका विरुद्ध कानुनले फैसला गर्दा समेत ती अपराधीहरुलाई उन्मुक्ति दिन्छ र दलित समुदायको अधिकारलाई संरक्षण गर्दैन भने यो समुदायले राज्यलाई आफ्नो अभिभावक हो भनेर कसरी विश्वास र भरोसा गर्न सक्छन् ? त्यसैले राज्यले दलित समुदायको पक्षमा भएका संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा लाग्नु पर्दछ ।

प्राकृतिक र कानूनी रुपमा मानिस भएर प्राप्त गर्ने सबै अधिकारहरुलाई मानव अधिकार भनिन्छ । वास्तवमा दलित समुदायले आफू मान्छे भएर बाँच्न पाइरहेका छैनन् । मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्धारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शव्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ भनी परिभाषा गरेको छ (राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, दफा २, च) । नेपाली समाजमा दलित समुदायले स्वतन्त्रतापूर्वक मानव मर्यादासहित जीवन यापन गर्न पाएका छैनन् । उनीहरुलाई हरेक क्षण आत्मस्वाभिमानको क्षेत्रमा हुर्मत लिने कार्य हुँदै आएको छ । सिराहा जिल्लाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले आमाको १३औं पुण्यतिथिमा दलित, गैरदलित र मुस्लिमलाई प्लेकार्ड नै टाँसेर खाने ठाउँ छुट्याइएको थियो । जहाँ उपस्थित भएर देशका मन्त्री, पूर्वमन्त्री, सांसददेखि समाजका गन्यमान्यले भोज खाए । समाज रुपान्तरणको प्रतिज्ञा गरेका जनप्रतिनिधिले नै संविधानको खिल्ली उडाउँदै जातीय छुवाछूतलाई प्रश्रय दिएका छन् (गाउँपालिका अध्यक्षले नै गरे जातीय विभेद, २०७९ फाल्गुण २५, नयाँ पत्रिका) । यसरी सार्वजनिक पदको जिम्मेवारी लिएका कर्मचारी वा जनप्रतिनिधिहरुले खुलेआम संविधान र कानुनको खिल्ली उडाउँदा पनि नत  मानव अधिकार आयोग बोल्छ नत नेपाल सरकारले कुनै कार्बाहीको प्रक्रिया अघि बढाउँछ ? यसरी दलित समुदाय खुल्लम्खुल्ला अपमानित हुने गरेका छन् ।

**नीति तथा कार्यक्रममा सम्बोधन**

पुनःस्थापित संसदले वि.सं. २०६३ जेष्ठ २१ गते नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा गर्‍यो तर आजका दिनसम्म पनि त्यो घोषणालाई व्यवहारीक कार्यन्वयनका लागि कुनैपनि कार्य योजना राज्यले बनाएको छैन । सिंगो राज्यसत्ता दलित समुदायको समग्र विकास, उत्थान र छुवाछूत तथा जातीय विभेदबाट मुक्त बनाउनको लागि निकै उदासिन देखिन्छ । तसर्थ, दलित समुदायमाथि थोपरिएको छुवाछूत र जातीय विभेदबाट मुक्ति दिलाउँदै यो समुदायको समग्र

क्षेत्रमा विकास गराउनको लागि मुख्यतः नेपाल सरकारले र संयुक्त राष्ट्रसंघले पनि निम्न कार्ययोजना ल्याउनु आवश्यक छ ।

- संविधान र कानूनमा व्यवस्था भएका दलित हक अधिकारहरुलाई सही ढंगले तीन वटै तहका सरकारले कार्यान्वयनमा लैजानु पर्दछ । विगतमा बनेका कानुनलाई संशोधन गरी दलित समुदायमैत्री बनाइनु पर्दछ ।
- तीन वटै तहका सरकारले हरेक वर्ष बजेट निर्माण गर्दा संघ र प्रदेशमा यो समुदायको जति प्रतिशत जनसंख्या छ, सोहो अनुपातमा दलित समुदाय लक्षित वजेट विनियोजन गरिनुपर्दछ । जसबाट यो समुदायको समग्र क्षेत्रमा विकास सम्भव रहन्छ ।
- छुवाछूत मुक्त राष्ट्र घोषणालाई व्यवहारीक कार्यान्वयनको लागि तीन वटै तहका सरकारले रणनैतिक र कार्यनैतिक योजनासहितको बजेट ल्याइनु पर्दछ । त्यसैगरी यो समुदायलाई हरेक क्षेत्रमा सबल बनाउँदै प्रतिस्पर्धी क्षमताको विकास गराउनको लागि राज्यले **दलित विकास विशेष परियोजना** निर्माण गरी प्रभावकारी ढंगले कार्यान्वयनमा लैजानुपर्दछ ।
- राष्ट्रिय मानव अधिकार आयोगमा दलित सम्बन्धी विभेदजन्य कार्यको अध्ययन, अनुसन्धान गर्ने छुट्टै शाखाको स्थापना गरिनुपर्दछ ।
- राष्ट्रिय मानव अधिकार आयोगको पहलकदमीमा नेपाल सरकारको तर्फबाट **छुवाछूत र जातीय विभेद सम्बन्धी विशेष प्रतिवेदन** तयार गरी संयुक्त राष्ट्रसंघको महासभामा पेश गर्ने व्यवस्था गरिनुपर्दछ । साथै सो प्रस्तावलाई भारतलाई पनि ऐक्यवद्धताको लागि अनुरोध गर्नुपर्दछ ।
- संयुक्त राष्ट्रसंघको बडापत्रमा नै दक्षिण एशियाको एउटा विशिष्ट चरित्र ग्रहण गरेको दलित समस्याका बारेमा **विशेष नीति तथा कार्यक्रम** बनाएर लागू गरिनु पर्दछ ।
- मानव अधिकारवादी संस्था र आन्दोलनले पनि राज्य र सरकारलाई दबाब दिन संस्थागत पहल गर्नुपर्छ । दलित आन्दोलनले दक्षिण एसिया स्तरमा साझा र शसक्त मोर्चा निर्माण गरेर लबिइङ गर्नुपर्छ । दक्षिण एसियाबाट फैलिएको दलित समस्याको समाधान गर्ने प्रयासलाई अन्तर्राष्ट्रियकरण गर्न नेपालका मानव अधिकारवादीहरुले आफ्नो भूमिकाबारे प्रश्न गर्नु र नयाँ ढंगले प्रयास गर्नु जरुरी छ ।

## उपलब्धी, अवसर र चूनौति

नेपालको राजनीतिमा दलित आन्दोलन राजनीतिक आन्दोलनको रुपमा स्थापित भएको छ । वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भएसँगै दलित समुदायका मुद्दाहरु संवैधानिक र कानूनी हिसावले निकै सकारात्मक रुपमा सम्बोधन भएका छन् । नेपालको संविधानको प्रस्तावनामा नै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गरिने संकल्प गरिएको छ । संविधानको मौलिक अधिकार अन्तर्गतको धारा ४० को दलितको हकमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२) । त्यसैगरी धारा २४ मा सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिले क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ

। दलित समुदायमाथि हुँदैआएको उत्पीडन र विभेदको दृष्टिकोणबाट यो निकै महत्वपूर्ण प्रावधान हो । यो प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी-कसुर र सजाय ऐन, २०६८ लागू भईरहेको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि राज्यसंयन्त्र अझै सम्बेदनशील र जिम्मेवार बन्न आवश्यक देखिन्छ ।
नेपालमा माओवादी पार्टीको नेतृत्वमा भएको सशस्त्र युद्ध (जनयुद्ध) का क्रममा माओवादी आन्दोलनले नेपाली समाजलाई ठूलो जागरण ल्यायो, जसको कारणले गर्दा दलित, महिला लगायतका आम उत्पीडित समुदायमा आफ्नो हक अधिकार प्राप्तिको क्षेत्रमा र मानवअधिकारको क्षेत्रका आमूल परिवर्तनको लहर नै पैदा गरिदियो । विभिन्न समयमा भएका युद्ध, आन्दोलन, संघर्षले ठूलै क्षति बनाएपनि यसले नेपाली समाजमा चेतनाको जागरण फैलाउँदै संविधानसभाबाट नयाँ संविधान बन्दासम्म विगतमा शासनसत्ताबाट पछाडि पारिएका उत्पीडित वर्ग, जाति र क्षेत्रका समुदायका हक अधिकारका सवालमा भने ठूलै परिवर्तनसहितको संवैधानिक र कानूनी उपलब्धीहरु ल्याइदियो । राज्यका महत्वपूर्ण अंग र निकायहरुमा दलित समुदायको उपस्थिति र सहभागितामा गुणात्मक विकास हुँदै गएको छ । नेपालको इतिहासमा दलित आन्दोलनको दृष्टिकोणबाट यो ऐतिहासिक उपलब्धी हो र सँगसँगै ठूलो अवसर पनि हो । हरेक समय अवसर र चुनौति सँगसँगै आउने गर्दछ ।
नेपालको करिब आठ दशकको दलित आन्दोलनलाई विश्लेषण गर्दा संवैधानिक र कानूनी अधिकार प्राप्तिको दृष्टिकोणबाट हेर्दा महत्वपूर्ण उपलब्धीहरु भएका छन् । वैचारिक र चेतनागत रुपमा पनि दलित आन्दोलनले राम्रै गति लिएको छ । राजनीतिक पार्टीहरुमा दलितको सहभागिताको कोणबाट हेर्दा विगतको तुलनामा मात्रात्मक र गुणात्मक दुवै हिसाले विकास हुँदै गएको छ । राज्यसत्ताका विभिन्न अंग र निकायहरुमा पनि उपस्थिति र सहभागितामा वृद्धि भएको देखिन्छ । संविधान र कानूनी रुपमा राज्यमा दलितको समानुपातिक सहभागिताको सुनिश्चित हुने व्यवस्था भएपनि कार्यान्वयनमा जाने क्रममा थुप्रै बाधा व्यवधान र चूनौतिहरु रहँदै आएका छन् । त्यसैगरी मानव अधिकारको कार्यान्वयन र अनुगमनको हिसावले हेर्दा पनि दलित मुद्दाप्रति बेवास्ता गर्ने, गैरजिम्मेवार हुने समस्या पनि रहने गरेको देखिन्छ । समग्रमा भन्नुपर्दा दलित आन्दोलनमा पनि संकीर्णतावादी, एकांकी, दासमनोवृत्ति जस्ता समस्याहरु रहने गरेको देखिन्छ भने अन्य पक्षबाट दलितलाई हेर्ने परम्परावादी, सामन्ती चिन्तन प्रवृत्ति रहने गरेको देखिन्छ । तसर्थ, राज्य र राजनीतिक दलहरुले दलित मुद्दालाई सम्वेदनशीलताका साथ लिएर व्यवस्था भएका संवैधानिक र कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयनमा लाग्नु पर्ने देखिन्छ । यसमा सबैपक्ष गम्भीर बन्न आवश्यक छ ।

## निश्कर्ष

दक्षिण एसियामा विद्यमान दलितमाथिको छुवाछूत र जातीय विभेद तथा मनोविज्ञानसँग गाँसिएको उत्पीडनका बारेमा मुख्यतः राज्य, राजनीतिक दलहरु र स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रले सुक्ष्म ढंगले बुझ्नु पर्दछ । समस्याको वास्तविक पहिचान गरिसकेपछि यसको पूर्ण अन्त्य गर्नको लागि दलित समस्या स्वयम् राज्यद्धारा नै सृजित गरी सुनियोजित रुपमा विभेदकारी नीति र नियम तथा संस्कार र संस्कृतिको विकास गरेको विशिष्ट समस्या हो भनेर स्वीकार गरिनु पर्दछ । त्यसपछि बल्ल यसको अन्त्यको लागि तीनै तहका सरकारले सुस्पष्ट योजना बजेटसहित ल्याउनु पर्दछ । त्यसैगरी मानव अधिकार र दलित अधिकारका बीचको अन्तरसम्बन्धका बारेमा पनि राज्य स्वयम्ले र मानव अधिकारवादी संगठनहरु तथा राष्ट्रिय मानव अधिकार आयोगका बीचमा उचित सहकार्य गर्दै यो समस्यालाई सबैले मिलेर हल गर्नुपर्दछ । मानव अधिकार आयोग र नेपाल सरकारले कत्तिपनि दलित समस्याको विशिष्टतालाई

संयुक्त राष्ट्र संघको महासभामा दलित सम्बन्धी विशेष प्रस्ताव पेश गर्दै पारित गरेर यसको समग्र पक्षको समाधान र विकासका लागि पहलकदमी लिनु आवश्यक छ । यसरी मात्रै दलित समस्याको उपयुक्त समाधान गर्न सकिन्छ । यसमा राज्य लगायत सरोकारवाल सबै पक्ष आआफ्नो ठाउँबाट गम्भीर भई लाग्न जरुरी छ ।

## सन्दर्भ सामाग्री

आहुति । २०६७ । *नेपालमा वर्णव्यवस्था र वर्गसंघर्ष* (राजेन्द्र महर्जन,सं.) । ललितपुरः समता फाउण्डेशन ।

खगेन्द्र, निरौला । *नेपाल परिचय* । काठमाण्डौः रत्न पुस्तक भण्डार ।

प्रश्रित, मोदनाथ, (२०५६), *जातपात र छुवाछुत प्रथा : शास्त्रीय सन्दर्भ, वर्तमान स्थिति र समाधानको प्रक्रिया, एक्काइसौं शताब्दी* (२०५६ असोज अंक, छापामा दलितः उद्दृत, पृ. ८७-९८ ।

बज्राचार्य, धनवज्र (२०३०), *लिच्छविकालिन अभिलेख,* त्रिभुवन विश्वविद्यालय र एसियाली अध्ययन संस्थान, काठमाडौँ पृ.२९८ ।
खत्री, प्रेम कुमार । २०५० । *नेपाली समाज र संस्कृति (प्राचीन मध्यकाल)* । काठमाण्डौः साझा प्रकाशन ।

बुढाथोकी, चन्द्रविक्रम । २०३९ । *जयस्थिति मल्लका सुधार* । ललितपुरः साझा प्रकाशन ।

*श्री ५ सुरेन्द्रको मुलुकी ऐन मध्यपान अछूतीको दफा २* ।

लुइटेल, तिलकप्रसाद (२०६१) *मनुस्मृति : श्लोकसहित सरल नेपाली अनुवाद* । काठमाण्डौः पैरवी प्रकाशन ।

*नेपालको संविधान (२०७२),* नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
*जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन (२०७६),* राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर ।
राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, दफा २, (च) ।
मूलपृष्ठ समाचार, *गाउँपालिका अध्यक्षले नै गरे जातिय विभेद,* नयाँ पत्रिका दैनिक, २०७९ फाल्गुण २५ ।
राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०७६/०७७, काठमाण्डौं ।

अध्ययन प्रतिवेदन, २०७०, मानवअधिकारसम्बन्धी ठूला महासन्धिका केही प्रावधानहरुको कार्यान्वयन अवस्था, इन्सेक ।

*दलित मानव-अधिकार पुस्तक, २०७७,* समता फाउण्डेशन, ललितपुर ।